मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल


## उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना !!!

सूचना नः ९-०८१/०८२ (पशु सेवा शाखा)

प्रथम पटक प्रकाशित मितिः २०८१/१२/०७

(ने.सं. ११४५ चिल्लागा ६, बिहिबार)

मेलम्ची नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बागमती प्रदेश सरकारबाट सर्शत अनुदानमा प्राप्त उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम "स्थानिय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यबिधि २०८१" अनुसार सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक दुग्ध उत्पादक सहकारी संस्था/कृषि सहकारी संस्था/बहुउद्देश्यीय सहकारी संस्था/दर्ता भएका दुध संकलन केन्द्रहरुले तोकिएको ढाँचामा आवेदन र आवश्यक कागजात सहित यो सूचना प्रकाशित मितिले २१ औं दिन (मितिः २०८१/१२/२७) भित्र मेलम्ची नगरपालिका, पशु सेवा शाखामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौंट प्रक्रियामा समावेश गरिने छैन।

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः-

- तोकिएको ढाँचामा आवेदन र अनुसूची -१ अनुसारको प्रतिबद्धता पत्र ।
- संस्था दर्ता र पान दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
- गत आ.ब. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
- वार्षिक साधारण सभाको प्रमाणित प्रतिलिपी ।
- बार्षिक दुध खरिदको परिमाण खुल्ने कृषकहरुको प्रमाणित नामावली ।
- बार्षिक दुध बिक्री परिमाण खुल्ने प्रमाणको प्रतिलिपी ।
- सम्बन्धित वडा कार्यालयको बार्षिक दुध संकलनको यथार्थ परिमाण खुल्ने सिफारिस ।
- प्रस्ताव पेश गर्ने सम्वन्धमा संस्थाको सञ्चालक समितिको निर्णय ।

**थप जानकारीका लागिः** मेलम्ची नगरपालिका, पशु सेवा शाखा वा एकिकृत सेवा केन्द्र, पिप्लेमा सम्पर्क राख्न सक्नुहुनेछ। साथै अनुसूचीहरु मेलम्ची नगरपालिकाको कृषि तथ्याङ्क संकलन, विश्लेषण तथा सेवा व्यवस्थापन प्रणाली www.melamchikrishi.gov.np बाट डाउनलोड गर्न सकिने छ वा सम्वन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

..........................

(निमेष मिश्र)

प्रमुख प्रशासकीय अधिकृत

निमेष मिश्र

प्रमुख प्रशासकीय